बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८१/८२
च.नं.

## ब्लक विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

## सूचना नं.- ३/२०८१/८२, सूचना प्रकाशन मिति २०८०/०८/०९गते

चालु आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, ब्लक विकास निरन्तरता कार्यक्रम अन्तर्गत तपशिल अनुसारका क्षेत्रमा तरकारी ब्लक कार्यक्रम संचालन गर्नुपर्ने भएकोले निर्धारित क्षेत्र भित्रका इच्छुक कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (सार्वजनिक विदा परेकोले २०८१/१०/०१ गते सम्म) कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात, निवेदन सहित अनुसूचीमा उल्लेख भए बमोजिमको प्रस्ताव तयार गरी यस कार्यालय वा कृषि सेवा केन्द्र, बुढानिलकण्ठ-२, चपली, काठमाण्डौ र कृषि सेवा केन्द्र, सुर्यविनायक-५, भक्तपुरमा दर्ता गर्नुहुन सूचना आव्हान गरिन्छ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागि कार्यालयको बेवसाइट www.lalitpur.akc.gov.np मार्फत सूचना तथा कार्यविधिहरु प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७, कृषि सेवा केन्द्र, काठमाडौ ०१-५९२२८५०, कृषि सेवा केन्द्र, भक्तपुर ०१-५९२२८४७ का साथै कार्यालयको फेसबुक पेज कृषि विकास कार्यालय, ललितपुर बाट पनि जानकारी लिन सकिनेछ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | वाली/वस्तु | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|
| १ | ब्लक विकास कार्यक्रम | तरकारी | कागेश्वरीमनोहरा नगरपालिका, काठमाण्डौ । |
| २ | ब्लक विकास कार्यक्रम | तरकारी | चाँगुनारायण नगरपालिका, भक्तपुर । |
| ३ | ब्लक विकास कार्यक्रम | तरकारी | कोन्ज्योसोम गाउँपालिका, ललितपुर । |

आवेदनसाथ संलग्न राखुपर्ने कागजातहरु

१. कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर प्रमाणपत्र/ गत आ.व. को लेपापरिक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा लिएको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
४. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
६. अन्य कुनैं निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।
७. सम्बन्धित स्थानियतह/कृषि शाखाको सिफारिस पत्र ।

०८१/०९/०३

तेज प्रसाद दवाडी
प्रमुख

तेज प्रसाद दवाडी
प्रमुख (अधिकृतस्तर दशौं)